
म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८
बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१४ अङ्क:- २३६ २०८० साउन ६ गते शनिबार 22 July 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## एकसाथ ६ जनालाई सम्मान, पुरस्कार

# अक्षरमा जीवन, प्राण र शक्ति छः प्रा.डा. भट्टराई


*सम्मान तथा पुरस्कार वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः मातृभूमि साहित्य समाज मकवानपुरले शुक्रबार हेटौँडामा एक साथ ६ जनालाई सम्मान गरेको छ। मातृभूमिले साहित्य र शिक्षा क्षेत्रमा योगदान पुऱ्याउनुभएका ६ जनालाई सम्मान गरेको हो ।

साहित्यकार आरआर चौलागाईलाई श्याम श्रेष्ठ स्मृति-मातृभूमि पुरस्कार-२०७९ प्रदान गरिएको छ । साहित्यकार चौलागाईलाई नगद १५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो । 'इश्वरी स्मृति-मातृभूमि पुरस्कार-२०७९' काठमाडौंका साहित्यकार शैलेन्द्र प्रकाश नेपालाई समर्पण गरिएको छ। होमनाथ बलदेवी मातृभूमि छन्द पुरस्कार-२०७९ चितवनका वरिष्ठ साहित्यकार लकाश पौडेललाई, 'शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक सम्मान-२०७९' मकवानपुरका रामचन्द्र आचार्य 'फुर्सती' लाई प्रदान गरिएको छ । यसैगरी 'शेखर शर्मा रिजाल स्मृति-मातृभूमि शैक्षिक सम्मान-.२०७९' मकवानपुरका मालती उप्रेतीलाई प्रदान गरिएको छ। नेपाल, पौडेल, फुर्सती र उप्रेतीलाई नगद १५/१५ हजार रुपैयाँ राशिसहित पुरस्कृत गरिएको हो ।

यस्तै 'झलकबहादुर बानियाँ' जीवन संघर्ष-मातृभूमि सम्मान-२०७९' बाट हेटौंडा-१८, हर्नामाडीमा रहेको कमला आधारभूत विद्यालयका एक विद्यार्थीलाई नगद ७ हजार ५ सय रुपैयाँ राशिसहित सम्मान गरिएको छ । मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष माधव पोखेलको सभाध्यक्ष तथा प्रा. डा. गोविन्दराज भट्टराईको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि प्रा.डा. गोविन्दराज भट्टाराईले साहित्यलाई समाजको संस्कृति भएको बताउनुभएको छ। उहाँले अक्षरमा जीवन, प्राण र शक्ति रहने बताउनुभयो । साहित्यकारले आज आफूले कतातिर कलम चलाइरहेको छ भनेर बुझ्न आवश्यक रहेको उहाँको भनाइ थियो । संस्कृति मासिने क्रममा रहेकोले साहित्यकारहरुले साहित्यभन्दा ठूलो मानव सभ्यता, संस्कृतिको क्षेत्रमा कलम चलाउनु पर्ने भट्टराईको सुझाव छ। मकवानपुर जिल्लाको साहित्य सिर्जनामा देखिएको अग्रसर सराहनीय रहेको उहाँले स्पष्ट पार्नुभयो। कार्यक्रममा रचना वाचन समेत गरिएको थियो ।

## मनहरीका शिक्षक, कर्मचारीले हरेक महिना तलब पाउने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिकाले चालु चालु आर्थिक बर्षबाट सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलब मासिकरुपमा वितरण गर्ने जनाएको छ। गाउँपालिकाले बुधबार एक सूचना जारी गर्दै मासिकरुपमा तलब भुक्तानी गर्ने जनाएको हो। यसअघि पालिकाका शिक्षकले त्रैमासिकरुपमा तलब बुझ्दै आएका थिए । मनहरी गाउँपालिकाको शिक्षा विकास शाखाका प्रमुख हरिचन्द्र सापकोटाले संघीय सरकारको सशर्त अनुदानबाट तलबभत्ता खाने सबै शिक्षक, कर्मचारीलाई व्यक्तिगत खाता नम्बर उपलब्ध गराउन आग्रह गरिएको जानकारी दिनुभयो ।

विद्यालयमा दरबन्दी, राहत अनुदान कोटाका शिक्षक, बाल विकास शिक्षक र विद्यालय कर्मचारीको बैंक खाता खोली खाता नम्बरसहितको विवरण यही साउन २० गतेभित्र पालिकालाई उपलब्ध गराउन आग्रह गरिएको छ । मनहरी गाउँपालिकामा ३२ वटा सामुदायिक विद्यालय रहेका छन् । जसमा ८ वटा मावि, ६ वटा निमावि, १८ वटा प्राथमिक तहका विद्यालय छन् । २ सय १० जना दरबन्दी तथा राहतको कोटामा शिक्षक रहेको मनहरी गाउँपालिकाका स्रोत शिक्षक पूर्णभद्र भुषालले जानकारी दिनुभयो । ६० जना निजी श्रोतका छन् । ३९ जना बाल विकास सहजकर्ता तथा शिक्षक छन् । यस्तै कर्मचारी ४० जना छन् । जसमा कार्यालय सहयोगी ३२ जना र लेखा कर्मचारी ८ जना छन् । ती शिक्षक कर्मचारीको तलबभत्ता सरकारी नियमअनुसारको बैंकबाट भुक्तानी दिन लागिएको बताइएको छ ।

# हेटौंडा अस्पतालमा जनशक्ति अभाव

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा जनशक्तिको अभाव बढ्दै गएको छ । अस्पतालको इमर्जेन्सी विभागमा बिरामीको संख्या धेरै र जनशक्ति कम देखिएको हो ।

अस्पतालको इमर्जेन्सी विभागमा दैनिकि एक सयदेखि एक सय ५० जनासम्म बिरामी आउने गरेको इमर्जेन्सी इन्चार्ज सन्तोषकुमार माझीले जानकारी दिनुभयो। तीन सिफ्टमा चल्ने अस्पतालको इमर्जेनसी विभागमा एक सिफ्टमा २ जना डाक्टर बस्ने गरेको उहाँले बताउनुभयो ।

इमर्जेन्सी विभागमा धेरै बिरामीहरु दुर्घटनामा परेर, विष खाएर, सर्पले टोके, दम, पखाला, पेट दुखेर र कमजोरी भएर आउने गर्दछन् । विभागमा धेरैजसो २० वर्षदेखि ६० वर्षसम्मका बिरामी आउने माझीले बताउनुभयो । अस्पतालमा बालबालिका पेट दुखेर र ज्वरो आएर, वयस्कहरु दुर्घटनामा परेर र वृद्धवृद्धा दम र पखाला लागेर आउने गरेका छन् । सर्पले टोकेर आउने विरामै विरलै हुने र यस्ता विरामी धेरै तराईबाट आउने गरेको माझीले जानकारी दिनुभयो । माझीका अनुसार अहिले स्वास्थ्यकर्मीहरु एक महिना स्वेच्छिक सेवा गरिरहेका छन्।

अस्पतालमा जनशक्तिको अभाव भएको र स्वास्थ्यकर्मी थप व्यवस्था गर्नुपर्ने अस्पतालले जनाएको छ। बिरामीहरु आफैं रिफरको कागज मागेर भरतपुर जाने गरेका छन्। अस्पतालले कार्डियो रोगको उपचार गर्न नसकेर अन्य ठाउँमा रिफर


...बाँकी पृष्ठ २ मा









# कामको जवाफ



## अकबर वीरबलको कथा

अकबरको एउटा विशेषता थियो कि उनी जहिलै भारदार तथा मन्त्रीहरुलाई नयाँ नयाँ जिज्ञासा राखेर परीक्षण गरिरहन्थे । उनले लिएको परीक्षामा वीरबलबाहेक अरु कोही पनि अब्बल हुन सकेनन् । तर पनि उनीहरु वीरबलको ईर्ष्या भने गरिरहन्थे । एक दिन वीरबल सभामा थिएनन् । सदाझैँ भारदारीहरु वीरबलका बारेमा कुरा काट्न थाले । अकबरले कुरौटेहरुलाई ठीक पार्ने सोच बनाए । उनले भारदार र अन्य मन्त्रीहरुलाई सम्बोधन गर्दै भने, 'लौ भन यो संसारमा कुदरत (भगवान्) ले बनाएको चिज सुन्दर छ कि मानिसले बनाएको ? लौ यसको जवाफ दियौ भने म जवाफकर्तालाई वीरबलभन्दा चतुर ठान्नेछु ।' सभासद्हरु र मन्त्रीहरुमध्ये कसैले भगवान्ले बनाएको सुन्दर भने त कसैले मानिसले तर उनीहरुले त्यसलाई यसरी हो भनेर प्रमाणित गर्न सकेनन् ।

यसका लागि अकबरले एक दिनको समय दिए अर्थात् भोलिपल्ट त्यसको जवाफ दिनुपर्ने भयो । भोलि पनि भयो तर कसैले अकबरलाई चित्त बुझाउने किसिमको जवाफ दिन सकेनन् । त्यस बिहानको सभामा त वीरबल पनि उपस्थित थिए । अकबर वीरबलतिर फर्किए । वीरबल भने बोलेनन् ।

'वीरबल तिम्रो दिमाग पनि मेरा प्रश्नले तिलमिलायो कि क्या हो ? किन बोल्न सक्दैनौ नि ?" अकबरले सोधे । वीरबल जुरुक्क उठेर बाहिर गए । वीरबलको चाला देखेर भारदार तथा अन्य मन्त्रीहरुले मुखामुख गरे । अकबरले पनि यसलाई आफ्नो अपमान सम्झे ।

केहीबेरपछि एक जना कालिगढ आए उनले पत्थरमा कुँदिएको सुन्दर फूलको झुप्पा दिए । बादशाहलाई त्यो निकै मन पर्‍यो । उनले एक हजार स्वर्ण मुद्रा पुरस्कार दिएर पठाए ।

कालिगढ बाहिरिनासाथ फेरि एक जना माली भित्र पसे । उनले बगैँचामा फुलेका सुन्दर फूलहरुको झुप्पा उपहार दिए । बादशाहले एकसय चाँदीका मुद्रा पुरस्कारस्वरुप दिएर पठाए । केहीबेरपछि वीरबल भित्र पसे । वीरबललाई देखेर राजा अकबर आगो भए ।

'वीरबल ! तिमी मेरा टाउकोमा टेक्ने भएका छौ । नत्र मैले प्रश्न गर्दा कान फर्काएर किन बाहिर गयौ ? बाहिर जाँदा अब बादशाहको अनुमति पनि चाहिन छोड्यो ?'

वीरबल मुसुमुसु हाँसे । उनले भने, 'सम्राट ! यो रिस नबढाउन म निवेदन गर्छु किनभने एकैछिनमा यसले पश्चाताप गराउन सक्छ । म हजुरको प्रश्नबाट बाहिर गएकै छैन । म त उत्तर दिलाउन पो बाहिर गएको हुँ त ।'

'कसरी ?' अकबरले सोधे ।

'हजुरले पहिलो कालिगढलाई किन एक हजार स्वर्ण मुद्रा दिनुभयो ?'

'किनभने उसले दिएको फूलको गुच्छा कहिलै पनि नओइलाउने खालको थियो ।'

'पछिल्लो फूलको झुप्पा चाँहि कमजोर थियो त ?'

'थिएन तर त्यो एक दिनका लागि मात्र टिक्नेवाला छ त्यसकारण मैले उसलाई पुरस्कार पनि एकसय स्वर्ण मुद्रा दिएको हुँ ।'

त्यो काम मैले नै गराएँ । अब पनि हजूरले गर्नुभएको प्रश्नको उत्तर आएन र ? भगवान्ले बनाएको वस्तु किमती कि मानिसले बनाएको भन्ने ? जब आफैँ मूल्य गर्नुहुन्छ त कोसँग उत्तर खोज्नुहुन्छ ?' वीरबलले भने । अकबर झल्याँस्स भए । वास्तवमा वीरबलले ठीक भनेका थिए र ठीक गरेका थिए । उनले मुखले उत्तर नदिएर कामले उत्तर दिलाएका थिए जुन अरुले गराउन सकेनन् । अकबर एक पटक वीरबलको सम्मान गर्दै उठेर बधाई दिदैँ आसनमा बसे ।

# भाई



सम्पदा सापकोटा

तेरो आँखामा
कहिलै आँसु नहोस्,
तँ सदैव हाँसिरहनु
पछाडि फर्किएर नहेर्
तँ सफलताका खुड्किला
चढ्दै र पार गर्दै अघि बडिरहनू
विश्वास कसैमा नगर्नू
अनि भर कसैको नपर्नू
आफूमाथिको विश्वास भने
तँ कहिल्यै नटुक्राउनू

पैसाको मोह नहोस्
बैमानी गर्ने सोच
कदापि नआओस्
दिनलाई दिन पुगोस्
तँलाई कसैको अगाडि
हात पसार्न नपरोस्

स्वाधिनमा रहनू तँ
इमान कहिल्यै नगुमाउनू
आफ्ना वेदना र पीडा
तँ कसैलाई नसुनाउनू
लिङ्ग चाहे जुनसुकै होस्,
मान्छेको इज्जत
गर्नु तँ कसै सामु नझुक्नू
असहायलाई सहयोग गर्न
भने त पछि
कहिले नसर्नू

दुःखमा पारेका र
दुःखमा साथ दिनेलाई
तँ कहिल्यै नभुल्नू
कसैलाई दुःखमा नपार्नू
तँ रिसले कहिल्यै नफुल्नू
आफ्नो काम आफैँ गर्नू
तँ परनिर्भर बन्नू
कहिँकतै गलत भएको
देखे त्यो विरुद्ध
तँ सबैभन्दा पहिले बोल्नू

*कक्षा १२,*
*हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

# डियर जिन्दगी तिमीलाई धन्यवाद



रिमा घिमिरे

कलमको सहायताले म मेरा भावनाहरु शब्द बनाइ पोख्दैछु । डियर जिन्दगी आज तिम्रो नाममा म एक पत्र कोर्दैछु । डियर जिन्दगी तिमीलाई कोटीकोटी धन्यवाद छ । किनकिन आजतिमीलाई धन्यवाद भन्न मन लाग्यो । डियर जिन्दगी तिमी कति रसिक, रमाइलो, सभ्य र शालिन छौ है भन्न मन लाग्यो ।

तिमीलाई धन्यवाद दिन कताबाट र कहाँबाट सुरुवात गरौँ गरौँ लाग्यो त्यसैले पहिलो धन्यवाद जन्मदिनबाट नै सुरू गर्दैछु है । सुन त डियर जिन्दगी तिमीले मलाई जन्म दिई यस धर्तीमा ल्याई मेरी जननीलाई एक अमूल्य र अनुपम उपहार दिएकोमा प्रथम धन्यवाद प्रकट गर्दैछु । मेरो आगमन नै यस धर्तीमा नभएको भए म कसरी तिम्रो नाम उच्चारण गर्न सक्थे हैन र ? यस धर्तीमा मसँगसँगै तिम्रो पनि त आगमन भएको हो नि ।

तिमी र म सँगसँगै हुर्किएका त हौँ नि सुख -दुःख,माया-घृणा, पीडाका भावहरू सम्मान, आत्मसम्मान अनि स्वाभिमानका ती पलहरु हामीले सँगसँगै साक्षात्कार गरेका पनि त छौनि । त्यसो त म सधैँ तिम्रो प्रेममा मात्रै परेकी पनि कहाँ हो र तिमीसँग रिस नउठेको र तिमीलाई घृणा नै नगरेको पनि कहाँ हो र ? क्यौपटक तिमी नै किन मेरो यस्तो जिन्दगी ? भन्दै नरि साएकी, नरोएकी र नचिच्याएकी पनि कहाँ हो र मैले त सधैँआफूलाई एक्लै छु भन्ने ठानेकी रहेछु तर तिमी त मसँगै अदृश्य रुपमा साथमै छौनि भन्ने कुरा भुलेकी रहिछु ।

जतिजति तिम्रो सामिप्य र साथ पाउँदै गए । ए डियर जिन्दगी मलाई तिमीसँग बिछट्टै लगाव हुँदै गयो वा मलाई तमीसँग प्रेम हुँदै गयो । त्यसैले म तिमीप्रति समर्पित हुँदै गएँ । मेरो जीवनमा तिम्रो महत्व बुझ्दै गएँ । जतिजति तिम्रो महत्व बुझ्दै गएँ त्यति त्यति तिमीलाई धन्यवाद दिइरहन मन लाग्यो ।हेर न डियर जिन्दगी तिमीले मलाई खुसी पनि त कति दिएको छौ नि है । तिम्रै कारणले त दुई ममतामयी आमाको काख पाएँ, सधै आशिर्वाद दिन लालायित दुई बुबाको हात पाएँ, आफ्ना र आफ्न्त पाएँ, प्यारा मान्छेको साथ पाएँ, अँ साच्चै तिमीजस्तै मलाई माया र हेरचाह गर्ने असल जीवनसाथी पाएँ । डियर जीन्दगी तिमीसँगको सहयात्राले आमा बन्ने स्वर्णिम अवसर पाएँ पूर्ण नारी बन्ने सौभाग्य पाएँ ।

तिमीले क्यौँ खुसीहरु मेरो पोल्टामा हालेका रहेछौयी नै खुसीहरुलाई नसमेटेर म चाहिँ तिमीले दुःखमात्रै दियौ भनेर गुनासो गरिरहेँ तर अहिले बल्ल बुझ्दै छु तिमीसँग गुनासो गर्ने हजार कारणहरु भन्दा तिमीसँग म खुसी हुनुका लाखौँ कारणहरु पनि रहेछन् त्यसैले त मेरो प्रिय जिन्दगी तिमीलाई ती प्रत्येक खुसीहरुका लागि बारम्बार धन्यवाद दिइरहन मन लाग्यो । वास्तवमै तिमी धन्यवादका पात्र हौ । ए, डियर जिन्दगी साँच्ची नै तिमी मेरा लागि अति प्रिय छौ । *हेटौंडा-५*

# गन्तव्यहिन बटुवा 'म'



निश्चल शर्मा

सोह्र श्रृङ्गारले सजिएको तिम्रो शहरमा
च्यातिएको मैलो आवरणले ढाकिएको मेरो शरीर
गन्तव्यहिन यात्राको बटुवा म ।

तिम्रो शहरको हर गल्लीहरुमा चिच्याउँदै,
मनभरिका कथा, कविता
र आशाका किरणहरुको प्रतीक्षामा भौतारिँदै
तिम्रो शहरमा बाटो बिराएको बटुवा म ।

ती धारा, चैतारा, मन्दिर, दोबाटो, जङ्गल
ती रुख, बिरुवा, फुलहरुसँग गाँसिएका
ती सम्बन्धलाई टिप्दै, पैतालाले कुल्चिँदै
तिम्रो शहरको कसिङ्गर म ।

नत मेरो कुनै अस्तित्व न कुनै सम्बन्ध
अर्थहिन प्रतीक्षाको पर्खाइमा
कैयौं रातहरु ती शितले भरिएको पर्खालहरु
तिम्रा ती सहरहरुका दोबाटाहरु, गल्लीहरु,
ठुला-ठुला महलहरुले गिजाउँदै हेपिएको बटुवा म ।

तिम्रो उज्यालो मुहार ती ओठका मुस्कान
तिम्रा ती कपाल, त्यो अङ्गालोमा रमाउँदै
गन्तव्यको खोजिमा जिन्दगीसँग लड्दै,
उठ्दै आफ्नो छायालाई पछ्याउँदै
तिम्रो शहरमा बाटो बिराएको बटुवा म ।

जिन्दगीका झुठा अनगिन्ती सपनाहरुमा
रमाउँदै प्रेमको त्यो गहिरो नशामा प्याला
फुटाउँदै नशामा मग्न भै नाँच्दै, चिच्चाउँदै
तिम्रो शहरमा बाटो बिराएको बटुवा म ।


सपनाका रहरहरुलाई भेटाउँदै अघि-पछि
सर्दै नियाल्दै, गुमाएका रहरहरुलाई
भेटाउँदै मनका तृष्णाहरुलाई बिस्तरै मेटाउँदै
तिम्रो शहरमा बाटो बिराएको बटुवा म ।

सपनाका घरहरुलाई भत्काउँदै
कल्पनामा रमाउँदै, अनि प्रेमको प्यालाका
घैँटाहरु रित्याउँदै, फुटाउँदै
तिम्रो शहरमा बाटो बिराएको बटुवा म ।

न त मसँग महमूल्य मणि
न त कुनै महल, केवल सम्झानामा
रमाउँदै अनगिन्ती प्रश्नहरुको उत्तर खोज्दै
तिम्रो शहर छोडी बाटो बिराएको बटुवा म ।


*मकवानपुरगढी-४*

# चित्रकला





सन्जु थिङ
निर्मल मावि हेटौंडा-१९






बुद्ध तामाङ
कक्षा-५
निर्मल मावि हेटौंडा-१९

# गाउँखाने कथा

१. भन्न– भन्न भुनभुनाउँदै, पाताल छोडी आकाश धाउँदै ।
- मौरी उडेको

२. भन्नलाई भन्छ– छ पैसा, होइन । लिनेदिने छैन ।
- रेल

३. भाँडो पाक्छ, चामल पाक्दैन ।
- अम्बा

४. माल किन्नुपर्दा सँगै जान्छु आफू आउन्न माल पठाउँछु ।
- रुपियाँ/पैसा

५. मासुको खम्बामा चक्का र खेरी चक्काको अनुहारमा समयको फुर्फुरी ।
- नाडीघडी

# हेटौंडा अस्पतालमा...

गर्ने गरेको माझीले जानकारी दिनुभयो । अस्पतालमा उपचार गराउन आउनुभएका मोहनबहादुर केसीले अस्पतालको भवन राम्रो भए पनि सेवा चित्तबुझ्दो नभएको बताउनुभयो । डाक्टरहरुले बिरामीलाई कोठामात्र नचाइरहेको र राम्रो सेवा नदिएको उहाँले बताउनुभयो । केसीले अस्पतालमा कर्मचारी नभएको र राम्रो सेवा नदिएको बताउनुभयो ।

बिरामी कुरुवा प्रेमप्रसाद बिडारीले अस्पतालमा राम्रो डाक्टर नभएको, सानो केसको पनि विश्वासको आधार नरहेको र उपकरण रहेको तर विज्ञ नरहेको बताउनुभयो । साथै, बिरामी कुरुवा एलिसा चौलागाईले अस्पताल राम्रो भएको, डाक्टर समयमा आउने बताउनुभयो । चौलागाईले अस्पताल छिटो छरितो नभएको, अरुको कुरुवा बस्दा आफैं बिरामी हुने बताउनुभयो ।

# आमा



अनन्त गजुरेल

हामा नै हुन् देवी
आमा नै संसार
आमा बिना छैन
बाँच्ने आधार

हुर्काईन कोखमा
नौ महिना राखी
ठुलो नि बनाईन
आफनो ईच्छ त्यागी

काख छ आमाको
न्यानो शिशुलाई
माया छ आमाको
प्यारो जगतलाई

आमा नहुनेको
दुःख बुझ्नुपर्छ
आमा एकछिन गए
मन सुन्ने हुन्छ

कक्षा-९, 'ख'
जिएस निकेतन

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# "कुतर्क"

## (लघुकथा/संस्कृत भाषा)



पं.ज्यो.तोयनाथ सुवेदी

कश्चित् स्थाने रामश्यामश्च द्वौ मित्रौ वसतिस्म । तौ मिलनसार :

मित्रै स्तः । एकस्मिन् दिने रामः श्यामस्य गृहं अगच्छत् । श्यामेण

रामाय अतीव मधुर भोजनमं अददात् ।

किन्तु रामः अवदत्, 'मया तब किम्

लवणयुक्तं भोजनम् अददात.....? मया

लवणयुक्तं भोजनं अधिकं नरोचते ।' तदनन्तरं

श्यामः अवदत्, 'कुत्र लवणयुक्तं अस्ति...? मधुर एव मिष्ठान्न भोजनं दातुं अस्ति ।'

श्यामः व्यथितोभूत्वा इदं मधुर भोजनं कथं लवणयुक्तं अभवत्

इति कारणं अन्वेषयत् । बहुप्रयासानन्तरं ज्ञातुं, 'रामस्यमुखे पूर्व

समयात् एव लवणं धारयित्वा आगतः इति ।'

श्यामः हसित्वा अवदत्,' मित्र रामः प्राक् समयात् तब आनने

स्थितः लवणं अपसारय, तदनन्तर मेव तव मुखेस्थितं रसं

परिवर्तनीयमिती ।' ॥ समाप्तम् ॥

# मुक्तक



स्पन्दन बर्तौला

छिटोछिटो स्कुल गई साथीसँग खेल्छु
घन्टी लागेपछि कक्षामा जान्छु
शिक्षकले भनेको ध्यान दिएर सुन्छु
कक्षाकार्य, गृहकार्य गरेरै आउछु


कक्षा-४
बालजागृति इंग्लिस सेकेण्डरी बोर्डिङ स्कुल

# कल्युगको समाचार



**सरोजप्रसाद साह**

कुल्चिन्छ दु:खी, पाउँले यहाँ, कुल्चिएको समाज छ ।
मुखमा हुन्छ, राम राम र, रावणराज विराज छ ॥
काटिन्छ गला, कपटले यहाँ, बन्धु शत्रु सिकार छ ॥।
यो कल्युगकाए समाचार छ, यहि कल्युगको समाचार छ ॥॥



भत्केको मस्जिद, टुटेको मन्दिर, अधर्म युद्ध विराज छ ।
बलात्कृत नारी बिच सडकमा, बेचिएको न्याय छ ॥
प्यास रगतको, भष्म चरित्र, नैतिकता लाचार छ ॥।
यो कल्युगकाछे समाचार छ, यहि कल्युगको समाचार छ ॥॥




जुवाको जमाना, स्त्रीको व्यापार छ ।
मासुको खाना हिंसक, पापी विचार छ ॥
इमान्दारी र सत्यको हत्या, मानवताको बजार छ ॥।
यो कल्युगकाछे समाचार छ, यहि कल्युगको समाचार छ ॥॥

तडपिन्छ पेट, कुनै रातभर, अन्न पानी हडताल छ ।
लुटिन्छ घर, बिच पहरमा, डाँकाराज विराज छ ॥
धुवाँ धुलो अपवित्र मन र, यहि नवपहिचन छ ॥।
यो कल्युगकाछ समाचार छ, यहि कल्युगको समाचार छ ॥॥



कुल्चिन्छ दु:खी, पाउँले यहाँ, कुल्चिएको समाज छ ।
मुखमा हुन्छ, राम राम र, रावणराज विराज छ ॥
काटिन्छ गला, कपटले यहाँ, बन्धु सत्रु सिकार छ ॥।
यो कल्युगकाछे समाचार छ, यहि कल्युगको समाचार छ ॥॥

# हामी नेपाली



**सबिना तामाङ**

आहा कति राम्रो मेरो देश नेपाल
हरियाली जताततै सुन्दर र विशाल
४ जात ३६ वर्ण फुलबारी भएपनि
नेपाली हौं हामी सबै जसले जे भनेनि ।

दशैं, तिहार, छठ, क्रिसमस नेपाल महान पर्व
जात-धर्म नछुट्याई पर्वमा हुन्छन् गर्व
जन्मभूमि नेपाल हाम्रो जननी हुन् देश
नेपाली हौं हामी सबै आफ्नै भाषा भेष ।

हिमाल, पहाड, तराई अनि लेक-बेसी सबै
गर्छौं श्रम हामी जहाँ रहे पनि
जाति, धर्म, भाषा भन्दा उठ्नु पर्छ माथि
सबै भुगोल संस्कृति र भेष हाम्रो नेपाली ।

कस्तुरी मृग एकसिंगे गैंडा नेपाली वनमा
नाच्छन् चरी र मुनाल हर्ष नेपालको वनमा
मकै, धान, भटमास र गहुँ उब्जाउछन् नेपाली
दु:ख कठिन आइपर्दा नि रहन्छन् मिलिजुली ।

# ऊ



**रचना भण्डारी**

अन्धकारमा उज्यालो किरण खोज्ने ऊ
आज संसार नै अध्यारो देख्न थालेकी छे
सबैको मनमा उत्साह छर्ने ऊ
आज आफै निराश भै बसेकी छे।

अनेकौं प्रश्न छन् उसको मनमा
उत्तर खोज्न सकिन सायद
सबै प्रश्न आफै भित्र दबाइ
एक टक टोलाएर बसेकी छे।

न केही उत्साह छ उसको मनमा
न केही खुसी नै
निरन्तर आफ्ना प्रश्नहरु सोची
उत्तरको खोजीमा हराएर बसेकी छे।

भौतारी रहन्छे ऊ
सायद आफ्नो उत्तर को खोजी मा
कहिले दुनियाँलाई नियालेर त कहिले आफैलाइ
आफ्नो उत्तर खोजेर बसेकी छे।

सायद यहि नै जीवनको परिभाषा हो
आफ्ना अनेकौं प्रश्नको उत्तर खोज्नु
सायद एकदिन उसले पनि खोज्छे होला
आफ्ना अनेकौं संघर्षले जिवनको अर्थ बुज्छे होला

सायद यहि नै जीवन हो
एक संघर्ष ।

*हेटौंडा-९, मकवानपुर*

# शिक्षा



**चिराग डंगोल**

सफल हुन शिक्षा चाहिनेनै रहेछ
कुरा यो सबैलाई भन्नुपर्ने भएछ
भविष्य निर्धारित गर्ने कुरा बन्यो यो
जे कार्य पनि गर्न चाहिने कुरा भयो

शिक्षा हो जसले क्षमता विकास गर्ने
सामाजिक काम पूरा गर्न भन्ने
विकासको भावना जागृत गर्ने शिक्षा
एक्लो हुँदा पनि साथी बनिदिने शिक्षा

मनलाई जिज्ञासु बनाउने हो शिक्षा
असल चरित्र विकास गर्ने हो शिक्षा
हामीलाई जिम्मेवार बनाउने शिक्षा
अनुशाषण बारे सिकाउने हो शिक्षा

सृजनशील मलाई बनायो शिक्षाले
नवीनता मेरो आफ्नो बढायो शिक्षाले
आत्मविश्वासले बढाउँछ आफ्नो ज्ञानले
गल्ती भए सम्झाउँछ आफ्नो नै शिक्षाले

*कक्षा: ९, नवोदय शिशु सदन*

# अनुत्तरित प्रश्नहरु



**डिबी बर्तौला**

अनुत्तरित प्रश्नहरुले
हृदयका कुनाहरुमा
बेस्सरी हिर्काउँदै
कहिले काँही हर्काछ ।

आवेगका तरङ्गहरु
आयोजनाका ढङ्गहरु
मनभित्रका अनेक वेथितिहरु
आफैंसँग असन्तुष्ट भएका मितिहरु ।

प्रश्नहरुको ह्याङ्ओभरले
विचलित हुनुको पीडामा
बनेको छ गह्रुङ्गो हृदय
अब कहिले होला ।

मनमा उज्यालो उदय
निरन्तर अनुत्तरित छन् प्रश्नहरु

*हेटौंडा-९*

# अनि बल्ल पो देश बन्छ !



**नवीन श्रेष्ठ**

दलालहरु दलाली काम विस्तारै छोड्दै गए,
विदेश जाने युवाहरुले योजनालाई मोड्दै गए,
स्वर्गको दास नबनिकन नर्कको राजा बन्दै गए,
जसले गल्ती गर्यो त्यसलाई मात्र गन्दै गए॥

आलोचना हैन सङ्गोलमा काम मिलेर गर्दै गए,
सङ्घर्ष गरी सदैव देश बनाउन लागि पर्दै गए,
निर्दोष व्यक्तिलाई दोषी नठहराऊदै गए,
अरु देशसँग टक्कर गर्न सधै निडर हुँदै गए ॥

तलव नहेरी सधै योग्य भई जागिर खाँदै गए,
देशद्रोही नबनिकन सदा राष्ट्र प्रेमी बन्दै गए,
कारखानाको मालिक हैनअसल किसान बने,
पर्देशका जनताहरुले नेपाली महान् रैछ भने ॥

देशको सत्तालाई टिकाऊ गरि शासन गर्दै गए,
नेतालाई हैन जनतालाई आसन ग्रहण गर्दै गए
नेताले कोट लाऊने पैसा बजेटमा खर्च गर्दै गए
विदेशिएका युवाहरु सबै फर्कि आऊदै गरे ॥

# मेरी प्यारी दुई आमाको माया



**शान्ति तामाङ**

हामीलाई छोडी विदेश गई
पढ्न भनी खर्च पठाउने उहँ आमा
अर्काको देशमा गई काम गरी
पाल्ने उही आमा ।

तपाईको कयौं गुन कसरी
तिरुँ यी अभागी कर्मले
समय बितिरहेको थाहा छैन
साल, महिना उत्तिकै बित्दै जान्छ ।

लोभ लालच गर्दिन म
केवल आमा तपाईको पर्खाईमा छु
आमा तपाई चाँडै फर्की आउनु है
आमा समाजमा तपाई कै खाँचो छ ।

आफ्नै देशमा दु:ख गरी खाउँला
विदेशमा गई केही काम छैन
विदेशमा खाई नखाई मिहिनेत गर्नुहुन्छ
न रात, न दिन यो अभागी कर्मलाई
असफल होइन सफल पार्नु छ ।

भाई बहिनी सानो छँदा आमा
विदेश हिँडनु भो
आफ्ना सन्तानलाई सानी आमालाई
सुम्पी दिनु भो ।

कहिले काहीँ बोलचाल हुन्छ
इन्टरनेट फोनमा सम्झाउने गर्नु हुन्छ

कहिल्यै नराम्रो बाटो नजानु,
कहिल्यै नराम्रो संगत नगर ।
असल आचरणमा हुर्केको छोरी म
आमाको न्यानो प्रेमको कुरालाई मनमा लिएको छु
यहाँ आमाले पनि हामीलाई सानो तिनो कुरामा
कुनै कमी हुन दिनु भएन ।

माया-ममता दुबै पाएको एकजना आमाको
माया पाए अर्को आमाको व्यवहारिक रुपमा
जिउनु पर्छ भनी सिक्न पाएको ।

*अमर मावि, कक्षा-१०*

# सातको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: साथीभाइ तथा आफन्तसँग भेटघाटमा रमाइने समय योग छ । स्वादिष्ट भोजन जुट्ने छ । व्यापार–व्यवसाय फस्टाएर जाने देखिन्छ । बोलीको प्रभावले नसोचेको काम पूरा हुने समय छ । न्यून श्रमबाट धनार्जन होला । पढाइ–लेखाइमा राम्रो प्रगति गर्न सकिने समय योग छ । प्रेममा सफलता र धार्मिक अनि सामाजिक काममा सरिक भइएला ।

**वृष राशि**: शुभ चिन्तकहरुले सहयोग पुऱ्याउलान् । अध्ययन–अध्यापनमा मन जाने भएकाले सोच अनुरुपको नतिजा हात लाग्ला । मान–सम्मान र इज्जत प्रतिष्ठामा वृद्धि होला । राजनीति तथा समाजसेवामा मन जाला । धार्मिक कृत्यमा सरिक भइने समय योग छ । व्यापार–व्यवसाय ठिकै रहला । आर्थिक स्थिति सुदृढ होला । मायाप्रेममा सामीप्यता बढ्ला ।

**मिथुन राशि**: थोरै परिश्रमले बढी आय नहोला । आर्थिक अभावले महत्वपूर्ण कामहरु थाती रहलान् । लामो दूरीको वैदेशिक यात्रा तय होला । खानपानमा विशेष ध्यान दिनुपर्ला । स्वास्थ्य समस्या बढ्न सक्छ । औषधी उपचार खर्च बढ्ला । पढाइ– लेखाइका कामहरु भने थाती रहलान् । धार्मिक तथा सामाजिक काममा सरिक भइनेछ ।

**कर्कट राशि**: व्यापार–व्यवसायको कामबाट लाभ प्राप्त होला । पैतृक धन सम्पत्तिका विषयमा चर्चा परिचर्चा चल्ला । अध्ययन–अध्यापनका काममा मन जाने छ । बैकिङ्ग क्षेत्रका कामहरुबाट लाभ होला । प्रेम प्रसङ्गमा रमाइएला । दाजुभाइ तथा इष्टमित्रबाट सहयोग प्राप्त हुनेछ । सवारी साधन प्राप्तीको योगलाई नकार्न सकिने अवस्था छैन ।

**सिहं राशि**: सम्मानित काम सम्पादन गर्न सकिने योग छ । व्यापार–व्यवसायबाट लाभ प्राप्त हुने समय छ । नयाँ क्षेत्रमा लगानी गर्न सकिने समय छ । रोजगारीका अवसरहरु आइपर्लान् । जागिरमा बढुवाको योग रहेको देखिन्छ । अध्ययन–अध्यापनमा खोज अनुसन्धान मूलक काममा लागि परिएला । धार्मिक यात्रा योग पनि रहेको देखिन्छ ।

**कन्या राशि**: व्यापार–व्यवसायमा लगानी गर्न केही समय कुर्नु पर्ने छ । मान– सम्मानमा आँच आउन सक्छ । आफन्त र नजिकका व्यक्तिहरुबाट काममा धोका हुन सक्ने योग छ । संगत गर्दा ध्यान पुऱ्याउँनुपर्ला । धार्मिक तथा सामााजिक काम गर्दा विचारणीय छ । शैक्षिक क्षेत्रका कामहरुबाट त्यति उपलब्धी हाँसिल नहुने योग रहेको छ ।

**तुला राशि**: परिवार र आफन्तसँग मनमुटाव र भनाभैरी चल्न सक्छ । पति पत्नी माया प्रेममा अविश्वास पैदा होला । सवारी साधन तथा यात्रा गर्दा विशेष ध्यान दिनु पर्ला । दुर्घटना वा अप्रिय घट्ना घट्न सक्छ । विद्या तथा प्रतिस्पर्धाका काममा मिहिनेत गर्दा राम्रो रहला । स्वास्थ्य समस्या योग छ । आफन्तबाट धोका हुन सक्छ ।

**वृश्चिक राशि**: आफ्नो क्षमता प्रयोग गरी ध्यानाकर्षण गर्न सकिएला । मान–सम्मानमा वृद्धि भएर जाने छ । बिलासी जीवन व्यतित गरी रमाइने समय रहेको छ । जीवनसाथीसँग रमाइलो यात्राको तय गर्न सकिने समय योग छ । एकल वा साझेदारी व्यापार– व्यवसायबाट लाभ होला । धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।

**धनु राशि**: न्यायिक काममा विजय प्राप्त हुनेछ । शत्रु परास्त हुने समय योग देखिन्छ । रोगबाट मुक्त भइने र ऋणबाट पनि मुक्त भई नयाँ काम प्राप्त हुने समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । अध्ययन–अध्यापनका क्षेत्रहरु सफल र हलान् । प्रेमका कोपिलाहरु फर्किएर जानेछन् । धार्मिक तथा सामाजिक काममा सरिक भइएला ।

**मकर राशि**: बौद्धिक कार्यमा सहभागी भइने समय छ । विद्यामा सफलता प्राप्ति गर्न निकै संघर्ष गर्नुपर्ला । परिवार आफन्तबाट काममा असहयोग होला । व्यापार– व्यवसायमा लगानी नबढाउँदा राम्रो होला । माया प्रेममा विश्वास बढेर जाला । पेट सम्बन्धी समस्याले सताउने समय योग छ । मानसिक तनावले काममा बाधा व्यवधान आइपर्ला ।

**कुम्भ राशि**: राजनीति तथा समाजसेवाका काममा लागी पर्दा पर्दै आलोचित बनिने छ । सामाजिक मान–सम्मानमा आघात आइपर्ला । घर–परिवारबाट टाढा भइनेछ । पढाइ–लेखाइमा अरु भन्दा पछाडी परिएला । आफू भन्दा ठूलाको आज्ञा शिरोवर गर्दा राम्रो रहने समय छ । प्रेममा सामान्य खटपट हुने योग देखिन्छ ।

**मीन राशि**: नोकरीमा मान– सम्मान प्राप्त होला । राजनीतिमा विशेष पद प्राप्त हुने समय छ । यात्रा योगमा सरिक भइने छ । न्यायमा विजय प्राप्त होला । पराक्रम र साहसमा अझै वृद्धि होला ।अध्ययन–अध्यापनका काममा सरिक भइने छ । सामाजिक तथा धार्मिक काममा सरिक भई प्रतिष्ठा प्राप्त होला ।

# फूलबारी टोल विकास अध्यक्षमा थिङ

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगालिकामा–१२ मा रहेको फूलबारी टोल विकास संस्थाको अध्यक्षमा

कृष्णबहादुर थिङ चयन हुनुभएको छ । शुक्रबार अध्यक्ष कृष्णा थिङको सभाध्यक्षता तथा वडा नम्बर १२ का अध्यक्ष ज्ञानबहादुर श्रेष्ठको प्रमुख आतिथ्यमा दोस्रो वार्षिक साधारणसभा तथा अधिवेशनबाट थिङको अध्यक्षतामा ११ जना सदस्यीय कार्यसमिति चयन गरिएको छ । संस्थाको उपाध्यक्षमा मनमाया घलान, कोषाध्यक्षमा प्रमिला घलान, सहसचिवमा पूजा पुलामी मोक्तान चयन हुनुभएको छ । सदस्यहरुमा कृष्णबहादुर थापा मगर, अम्बिका थापा मगर, सीतामाया पाख्रिन, सानु माइला स्याङबो, सन्त लो, चन्दुमला पण्डित चयन हुनुभएको छ । सल्लाहकारमा राम लो, ठाकुर सिंह मोक्तान, तिलकबहादुर घले र रञ्जु घलान चयन हुनुभएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

### २५ मिटर सडक विस्तार प्रकरण

# राजनीतिक दललाई व्यवसायीको ध्यानाकर्षण पत्र



*नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामालाई ध्यानाकर्षणपत्र बुझाउँदै व्यवसायी ।*

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा बजार क्षत्रेमा २५ मिटर सडक विस्तारको विषयमा हेटौँडाका व्यवसायीले राजनीतिक दललाई ध्यानाकर्षण पत्र बुझाएका छन् । शुक्रबार नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीलाई ध्यानाकर्षण पत्र बुझाएको हो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको हेटौँडा उपमहानगरपालिका-१५, रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्मको सडक चौडा गर्ने उद्देश्यले सडक डिभिजन कार्यालय हेटौँडाले असार १० गते सूचना जारी गर्दै ३५ दिन भित्र घर-टहरा हटाउन सार्वजनिक सूचना जारी गरेको छ । सडक डिभिजनको सूचनाको विरुद्धमा व्यवसायीहरुले ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

व्यवसायीसँग कुनै सल्लाह नै नभई सुचना जारी भएको र छोटो समयको सूचना भएकोले व्यवसाय स्थानान्तरण गर्न समस्या हुने गुनासो रहेको छ । आफुहरु विकास विरोधी नभएको र सम्बन्धित निकायले व्यवसायीको हितको काम गर्नुपर्ने व्यवसायीको माग रहेको छ । बिहिबार व्यवसायीहरुले सडक डिभिजन कार्यालय हेटौँडा, हेटौँडा उपमहानगर पालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई ज्ञापनपत्र बुझाएका थिए ।

व्यवसायीले “सडकको विद्यमान चौडाइलाई बढाएर विकल्प खोज्ने/ वास्तविक लगत लिने, सडक विस्तार हुँदा व्यवसायीको उचित स्थानमा व्यवस्थापन तथा घरधनीलाई उचित मुआब्जा दिनुपर्ने, सडकको पुनःनिर्माण अवधिभर व्यवसायीको बैंक तथा वित्तीय संस्थाको ऋणलाई शून्य अवधि मानेर सो अवधिको व्याज समेत जोडेर प्रभावित व्यवसायीलाई पुनःकर्जा तथा पुनः तालिकीकरणको व्यवस्थाका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार ले बैंक तथा वित्तीय संस्थाहरुलाई पहल गर्नुपर्ने, पुनःनिर्माण अवधिभरको व्यवसाय कर तथा घरबहाल कर छुट हुनु पर्ने, पुनःनिर्माण अवधिभरका लागि राष्ट्र बैंकद्वारा जारी गरिएको कर्जा सम्बन्धी मौद्रिक नीतिमा लचकता अपनाउने व्यवस्थाका लागि स्थानीय सरकार, संघीय सरकार लाई सडक विभागले पहल गर्ने, प्रभावित क्षेत्रको घर-टहरा पुनःनिर्माण पश्चात साविक व्यापार व्यवसाय गरिरहेका व्यवसायी धरौटी बिना उपलब्ध गराउने सुनिश्चिता गर्नुपर्ने माग राखेका छन् ।

ध्यानाकर्षण पत्र बुझ्दै राजनीतिक दलहरुले सडक विस्तार हुनु पर्नेमा जोड दिँदै व्यवसायीहरुलाई हित हुने पक्षमा सरकारले काम गर्नुपर्ने बताएका छन् । पहिले नै हुनुपर्ने सडक विस्तारको काम राजनीतिक दलको दुइजिब्रेपनले गर्दा समस्या आएको बताउँदै सडक विस्तार सँगै व्यवसायीहरुलाई व्यवस्थापन गर्न सम्बन्धित निकायमा दवाव दिने बताएका छन् । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा ६ सदस्यीय सडक व्यवस्थापन समिति गठन भइसकेको छ । यता हेटौँडा उपमहानगरपालिकाले सडक विस्तारमा सहयोग गर्दै आएको छ । नगरपालिकाले बुधबार राति राप्तीरोड आसपासका गमला हटाएको र बिहिबार सडक छेउमा रहेको रेलिङ काटेको छ । सडक विस्तारमा उपमहानगरपालिका तीव्ररुपमा लागीपरेको छ ।

## साफ यु-१६ का लागि मकवानपुरका खेलाडी छनौट

समाज संवाददाता

हेटौँडाः राष्ट्रव्यापी यु-१६ खेलाडी छनौट कार्यक्रमअन्तर्गत् मकवानपुर जिल्लाबाट २८ खेलाडीहरु छनौट भएका छन् । हेटौँडामा रहेको वन विज्ञान अध्ययन संस्थानको खेलमैदानमा भएको पहिलो चरणको छनौटमा परेका खेलाडीहरुले दोस्रो चरणमा प्रदेशस्तरीय छनौटमा सहभागी हुने भएका हुन् ।

बाल खेलाडीहरुको सहभागिता रहेको पहिलो चरणको छनौट कार्यक्रममा जिल्लाभरिबाट एक सय ९२ खेलाडी सहभागी भएका थिए । प्रदेशस्तरीय छनौट साउन ६ देखि १४ गतेसम्म हुने भएको महासचिव छविलाल सुवेदीले बताउनुभयो । उहाँले आगामी भदौ १५ देखि २५ गतेसम्म भुटानमा साफ यु-१६ च्याम्पियनसीप हुने र एन्फाले देशव्यापी खुला छनौटको आयोजना गरेको बताउनुभएको हो ।

### प्रथम समाज कल्याण कपः

# चुरेकालिका र सगरमाथा विजयी

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी प्रथम समाज कल्याण कप फुटबल प्रतियोगिताको शुक्रबार भएको खेलमा चुरेकालिका युथ क्लब र सगरमाथा युथ क्लब विजयी भएका छन् । हेटौँडा-१४ मयूरधाप कालापानी मैदानमा भएको पहिलो खेलमा चुरेकालिका युथ क्लबले गोल्पीन्टार युथ क्लबलाई ४-० गोलले पराजित गर्दै विजयी भएको हो । दोस्रो खेलमा सगरमाथा युथ क्लबले चौकीटोल युथ क्लबलाई १-० गोल अन्तरले पराजित गरेको छ ।

चुरेकालिकाको तर्फबाट धावा लामाले पहिलो हाफको ११ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफको १९ र २७ औं मिनेटमा प्रविन बलले गोल गरेका थिए । दोस्रो हाफको ३९ औं मिनेटमा पुनः प्रविनले गोल गरेका थिए । सगरमाथाको तर्फबाट पहिलो हाफको २८ औं मिनेटमा युवराज वाइबाले गरेको गोल निर्णायक गोल भयो ।

चुरेकालिकाका प्रविन बल र सगरमाथाका युवराज वाइबा म्यान अफ द म्याच घोषित भए । शनिबार पहिलो खेल २ बजे नवमिलन युथ क्लब र ठूलोथली युथ क्लबबीच हुनेछ भने दोस्रो खेल ४ बजे फरेष्ट्री युथ क्लब र माने युथ क्लबबीच हुनेछ । १६ वडा टिमको सहभागिता रहेको प्रतियोगितामा विजेता टिमले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल प्रमाणपत्र प्राप्त गर्नेछन् ।




नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ ।

# चितवन र दोलखामा २ जना मृत फेला

समाज संवाददाता

हेटौँडाः चितवन र दोलखा जिल्लामा एकै दिन २ जना मृत फेला परेका छन् । प्रदेश प्रहरी कार्यालय हेटौँडाका अनुसार चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, संगमरोडमा एक पुरुष व्यक्ति मृत फेला परेका हुन् ।

अन्दाजी ४० वर्षीय पुरुषको सनाखत हुन सकेको छैन । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ । यस्तै, दोलखा जिल्लाको भीमेश्वर नगरपालिका-६, सातदोबाटोमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोलुखुम्बु जिल्ला सोलु दुधकुण्ड नगरपालिका-४, छनाखु बस्ने २५ वर्षीया ङिमा तेम्बा लामा रहेको प्रहरीले जानकारी दिएको छ । लामा मंगलबारदेखि सातदोबाटोस्थित एक होटलमा बसेकोमा बिहिबार साँझ ६ बजेसम्म बाहिर नआएपछि होटलका संचालकले प्रहरीलाई खबर गरेको थियो । प्रहरी टोली खटी गई हेर्दा कोठा बाथ्ररुमको सावर भाँचिएको घाटीमा निलो कपडाको त्यान्द्रो रहेको अवस्थामा लामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

## विद्युत आपुर्ति बन्द सम्बन्धी सूचना

१३२ के.भि.प्रशारण लाईन कन्डक्टर अपग्रेडीङ्ग आयोजनाले हाल चौकिटोल देखि कमाने सवस्टेशनमा रहेको १३२ के.भि. प्रसारण लाईनको तार फेर्ने कार्य गरिरहेको हुनाले (Tower No. 1 देखि 2 र Tower No. 10 देखि 18 सम्म) तपशिल बमोजिमको स्थान र समयमा विद्युत सेवा अवरुद्ध हुने व्यहोरा जानकारीको लागि अनुरोध छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति ने.वि.प्रा., हेटौडा वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**तपशिलः**

1. Tower No. 1 देखि 2 सम्मः

लाईन अवरुद्ध हुने फिडरहरु :

**१. चौघडा फिडरः** (चौकिटोल दुधडेरी पछाडि, साझा चोक, बगर एरिया चौकिटोल, भिमफेदी बसपार्क र होटल एभोकाडो एरिया, नगरपालिका रोड देखि मनकामना चोकसम्म)

**२. भुटनदेवी फिडरः** (चौकिटोलको ओरालो देखि भाटभटेनीसम्म, राप्ति पुलपारि भैरवडाँडा र यातायात कार्यालयसम्म)

**३. एच आई डी फिडरः** सम्पूर्ण

मितिः २०८०/०४/०६ गते शनिबार ।

समयः विहान ८:०० बजे बाट बेलुका ५:०० बजेसम्म ।

2. Tower No. 10 देखि 18 सम्मः

**१. चौघडा फिडर/सानोपोखरा फिडरः** (पिप्ले, राधाकृष्ण मन्दिर, गर्दोई, शान्तिनगर एरिया वरिपरि)

**२. रंगशाला फिडरः** (मनकामना टोल, सागर चोक, निमचोक, ओम नगर एरिया वरिपरि)

मितिः २०८०/०४/०६ गते देखि २०८०।०४।०७ गतेसम्म ।

समयः विहान ८:०० बजे बाट बेलुका ६:०० बजेसम्म

(**नोटः**- समय अगाडि नै काम सकेको अवस्थामा तोकिएको समय अगावै विद्युत संचालन हुनेछ । मौसम प्रतिकुल भई उक्त कार्य सोही दिन सम्पन्न गर्न असम्भव भएमा सो कार्य अर्को दिन गर्ने व्यहोरा पनि जानकारी गराईन्छ । )

**नेपाल विद्युत प्राधिकरण**
**हेटौडा वितरण केन्द्र**
**हेटौडा**

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

अध्यापन हुने विषय/समूहहरू
- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।

कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।

प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरूः ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

भर्ना खुल्यो! भर्ना खुल्यो !

3 YEARS H.A., LAB TECHNICIAN, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

स्वीकृत सिट संख्या
Health Assistant – 40 सिट
Lab Technician – 30 सिट
Radiography – 30 सिट
Physiotherapy – 40 सिट

फारम शुल्क रू १५००/-

- फारम वितरण मितिः २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मितिः २०८०।०४।१२ गते शुक्रवार बेलुका ४:३० सम्म
- प्रवेश परिक्षा सञ्चालन हुने मिति : २०८०।०४।२४गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौडा-४ भैरव रोड, सम्पर्कः ०५७-५२१८५२

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ